# माछापुच्छ्रे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ०७ संख्याः १२ मितिः २०८०।०५।०३

## भाग-२

सम्बत् २०८० सालको कार्यविधि नं ५

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गाउँपालिका गाउँकार्यपालिकाले बनाएको माछापुच्छ्रे गाउँपालिकाको **“शिक्षण सेवा करार सम्बन्धी कार्यविधि, २०८०”** सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ।

माछापुच्छ्रे गाउँपालिका

# शिक्षण सेवा करार सम्बन्धी कार्यविधि-२०८०

**प्रस्तावनाः**

माछापुच्छ्रे गाउँपालिका भित्र रहेका विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीलाई सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य ऐन, २०७५ दफा १३ को उपदफा (१) बमोजिम अन्ठानब्बे (९८) दिन तलबी प्रसुति विदामा रहे को समयमा तत्काल विद्यालयमा शिक्षक पदपुर्ति गर्न नसकिने भई विद्यालयको विषयगत र कक्षागत पठनपाठन नियमत गरी विद्यार्थीको पठनपाठन सुनिश्चित गर्नका लागि आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले ,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार तथा माछापुच्छ्रे गाउँपालिकाको शिक्षा नियमावली २०७९ को परिच्छेद ११ नियम ६१ (७) मा भएको व्यवस्था बमोजिम माछापुच्छ्रे गाउँपालिका गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको हो ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम “शिक्षण सेवा करार सम्बन्धी कार्यविधि, २०८०” रहेको छ ।
(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "विद्यालय" भन्नाले माछापुच्छ्रे गाउँपालिका भित्रका कक्षा १ देखि १२ सम्म सञ्चालित सामुदायिक विद्यालयको शैक्षिक संरचनालाई सम्झनुपर्दछ ।

(ख) "शिक्षण सेवा करार" भन्नाले यस कार्यविधि बमोजिम शिक्षण सेवा करारमा लिने शिक्षण सेवालाई सम्झनु पर्दछ ।

(ग) "गाउँपालिका" भन्नाले माछापुच्छ्रे गाउँपालिका, कास्कीलाई सम्झनु पर्दछ ।

(घ) "शिक्षा शाखा" भन्नाले माछापुच्छ्रे गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ ।

(ङ) "गाउँ शिक्षा समिति" भन्नाले माछापुच्छ्रे गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनु पर्दछ।

(छ) " शिक्षण सेवा करार छनौट तथा सिफारिस समिति" भन्नाले यस कार्यविधि बमोजिम छनौटको लागि कार्यविधिको दफा ६ (२ ख) बमोजिम गठन गरिएको समितिलाई सम्झनुपर्छ ।

**३. शिक्षण सेवा करारमा लिने व्यवस्थाः**

१) माछापुच्छ्रे गाउँपालिकामा भित्रका सामुदायिक विद्यालयहरूमा कार्यरत शिक्षक तथा कर्मचारीहरु सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य ऐन, २०७५ दफा १३ को उपदफा (१) बमोजिम अन्ठानब्बे (९८) दिन तलबी प्रसुति विदामा रहेको समयमा तत्काल विद्यालयमा शिक्षक पदपुर्ति गर्न नसकिने भई विद्यालयको विषयगत र कक्षागत पठनपाठन नियमत गरी विद्यार्थीको पठनपाठन सुनिश्चित गर्ने प्रयोजनका लागि विद्यालयले बढिमा तीन महिनाको लागि शिक्षण सेवा करारमा लिन सक्नेछ ।

२) उपदफा १ बमोजिम सेवा करारमा लिदा हिउँदे विदा, वर्षे विदा, दशै विदा जस्ता लामो समयका विदा सेवा अवधिको दिनका रुपमा गणना गरिने छैन ।

३) उपदफा १ बमोजिमको सेवाका लागि तोकिएको कार्यक्रममा दफा ८(१) बमोजिमको पारिश्रमिक बाहेक अन्य कुनैपनि रकम पालिकाबाट उपलब्ध गराईने छैन ।

**४. शिक्षण सेवा करारमा लिन विद्यालयले पालिकासँग अनुमति लिनुपर्नेः**

(१) विद्यालयले कार्यविधिको दफा ३ मा उल्लेखित विषयसँग सम्बन्धित शिक्षण सेवा करारमा लिनको लागि गाउँपालिकासँग तोकिए बमोजिम अनुमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुमति पाएको विद्यालयले शिक्षण सेवा करारमा लिनका लागि विद्यालय व्यवस्थापन समितिको निर्णय गराई कम्तिमा सात दिनको विज्ञापनको सूचना सम्बन्धित विद्यालय, वडा र गाउँपालिकामा टाँस गर्नुपर्नेछ ।

३) विज्ञापन दस्तुरः विद्यालय कर्मचारी, बाल विकास शिक्षक, आधारभूत तह कक्षा १-५ का लागि रु.२००।०, आधारभूत तह कक्षा ६-८ का लागि रु. ३००।० र माध्यमिक तहका लागि रु. ५००।०

**५. शिक्षण सेवा करारमा लिनको लागि अनुमति प्रदान गर्नुपर्नेः**

गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले दफा ३ बमोजिम विद्यालयलाई शिक्षण सेवा करारमा लिने प्रयोजनका लागि बढीमा तीन महिमाको लागि शिक्षण सेवा करार अनुमति प्रदान गर्नेछ ।

**६. शिक्षण सेवा करारमा लिने प्रक्रियाः**

(१) विद्यालयले दफा ३ को कार्यको लागि सेवा करारमा शिक्षण सेवा लिँदा विद्यालयले दफा ४ को उपदफा २ बमोजिम सूचना प्रकाशन गरी प्राप्त सेवा दिन इच्छुक मध्येबाट सेवा लिनुपर्नेछ ।

(२) विद्यालयले सेवा करारमा लिदा देहाय बमोजिम सेवा लिने गरी निर्णय गर्न सक्नेछः

(क) शिक्षण सेवा करारका लागि निश्चित समय तोकी सो कार्य सम्पन्न गर्न,

(ख) **विद्यालयले तपसिल बमोजिमको छनौट समिति गठन गरी शिक्षण सेवा करारमा लिन,**

१) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष -संयोजक

२) शिक्षा शाखा प्रमुख वा प्रतिनिधि १ जना -सदस्य

३) वडा शिक्षा समितिले तोकेको १ जना -सदस्य

४) विषय विज्ञ १ जना -सदस्य

( छनौट समितिले तोकेको सम्बन्धित तह र विषयको स्थायी शिक्षक)

५) प्रधानाध्यापक -सदस्य सचिव

(३) **शिक्षण सेवा करार लिनका लागि पाठ्यक्रम र पूर्णाङ्कः**

क) शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रम

ख) **पूर्णाङ्कः** वस्तुगत लिखित परीक्षा ४० अङ्क ( प्रश्न संख्या २०, प्रति प्रश्न २ अङ्क), विषयगत लिखित परीक्षा ६० अङ्क (प्रश्न संख्या ६, प्रति प्रश्न १० अंक) गरी जम्मा १०० पूर्णाङ्क

ग) **अन्तरवार्ताः** जम्मा २५ अङ्क ( १५ अङ्क अन्तरवार्ता, ५ शैक्षिक योग्यता, ५ स्थानीयता)

घ) विद्यालय कर्मचारी तथा प्रारम्भिक बाल विकास शिक्षक छनौट गर्दा छनौट समितिले निर्धारण गरेको अन्तरवार्ता कार्यविधि अनुसार छनौट गरिनेछ ।

**७. शिक्षण सेवा करारको लागि सम्झौता गर्नेः**

विद्यालयले दफा ३ बमोजिमको कार्यको लागि शिक्षण सेवा करारमा लिदा निजले प्रदान गर्ने शिक्षण सेवा कार्य सम्पन्न गर्नुपर्ने समयावधि र सो सेवा बापतमा निजले प्राप्त गर्ने पारिश्रमिक (सेवा शुल्क) र आवश्यक अन्य शर्तहरू समेत उल्लेख गरी सेवा करार व्यक्तिसँग करार सम्झौता गर्नुपर्नेछ ।

**८. शिक्षण सेवा करारको पारिश्रमिक व्यवस्थाः**

क) यस कार्यविधि बमोजिम शिक्षण सेवा करारमा सेवा दिए बापत विद्यालयले शिक्षण सेवा करार उपलब्ध गराउने व्यक्तिलाईलाई तपसिल बमोजिम गाउँपालिकाबाट प्राप्तहुने पारिश्रमिक रकम उपलब्ध गराउनेछ ।

१) विद्यालय कर्मचारी तथा बालविकासका लागि मासिक रु. १५,०००।०

२) प्राथमिक कक्षा १-५ का लागि मासिक रू. १७,०००।०

३) निम्न माध्यमिक ६-८ का लागि मासिक रू.२०,०००।०

४) माध्यमिक कक्षा ९-१२ का लागि रू. २५,०००।०

ख) दफा ८ (क) मा तोकेको पारिश्रमिकमा नियमानुसार सामाजिक सुरक्षा कर लाग्नेछ । तर कुनै सेवा प्रदान गर्ने व्यक्तिले बीचैमा सेवा गर्न छोडेमा दामासाहीले सेवामा हाजिर भएको दिनको मात्र पारिश्रमिक उपलब्ध गराउन सकिनेछ ।

ग) दफा ६ उपदफा (२) को खण्ड ख बमोजिम गठित समितिमा रही काम गरे बापतको पारिश्रमिक विद्यालयबाट लिन सकिनेछ ।

**९. शिक्षण सेवा करारमा लिनको लागि विद्यालयले पेस गर्नु पर्ने कागजातः**

(१) विद्यालयले सेवा करार शिक्षणका लागि अनुमति माग गर्दा निम्न अनुसारका कागजात पेस गर्नु पर्नेछ ।

(क) प्रसुति सेवामा रहेको शिक्षकको विदा स्वीकृतका लागि गरिएको निवेदनको प्रतिलिपी

(ख) प्रसुति विदा मिति खुलाई स्वीकृत भएको विद्यालयको पत्र

(ग) विद्यालय व्यवस्थापन समितिको निर्णय ।

घ) प्रसुति विदामा रहेको शिक्षकको तह र विषय खुलेको नियुक्ति पत्रको प्रतिलिपी

**१०. शिक्षण सेवा करार उपलब्ध गराउने व्यक्तिको योग्यताः**

१ नेपाली नागरीक

२. उमेरः १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको तर पूर्व शिक्षकको रूपमा काम गरेको व्यक्ति भएको प्रमाण पेस गरेमा ६० वर्ष सम्म

माध्यमिक गाउँपालिका

३ शैक्षिक योग्यताः

(१) आधारभूत तह (प्राथमिक तथा निम्नमाध्यमिक)

सम्बन्धित विषयमा शिक्षाशास्त्र संकायमा न्यूनतम प्रमाण पत्र वा सो सरह उत्तीर्ण गरी अध्यापन अनुमति पत्र भएको हुनुपर्नेछ ।

(२) माध्यमिक तह कक्षा (९-१०) :

सम्बन्धित विषयमा कम्तिमा स्नातक तह वा सोसरह उत्तीर्ण वा अन्य संकायमा स्नातक गरेको भए कम्तिमा एकवर्षे बि.एड. र अध्यापन अनुमति पत्र हुनु पर्नेछ।

(३) माध्यमिक तह कक्षा (११-१२) :

सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर तह वा सोसरह उत्तीर्ण वा अन्य संकायमा स्नातकोत्तर गरेको भए कम्तिमा एकवर्षे एम.एड. र अध्यापन अनुमति पत्र हुनुपर्नेछ ।

(४) उपदफा ३ को १,२, र ३ मा जुनसुकै कुरा लेखिएको भए पनि विद्यालयले सूचना प्रकाशन गरेको ७ दिन भित्र अध्यापन अनुमति पत्र प्राप्त व्यक्तिले निवेदन पेस नगरेमा न्यूनतम शैक्षिक योग्यता प्राप्त अन्य व्यक्तिले पनि निवेदन पेस गर्न सक्नेछन् ।

**११. प्रतिवेदन पेस गर्नु पर्नेः**

विद्यालयले शिक्षण सेवा करार लिन गरेको अनुमति अनुसारको सम्झौता, सूचना, हाजिरी, योग्यता, छनौट विधि, पारिश्रमिक भुक्तानी भरपाई लगायतका विवरण समेटी प्रतिवेदन पेस गरेपछि मात्र पालिकाबाट प्रचलित नियमानुसार भुक्तानी हुनेछ ।

**१२. विविधः**

शिक्षण सेवा करारमा लिने सम्बन्धमा प्रचलित ऐन,नियम र कार्यविधिमा लेखिएदेखि बाहेकको अन्य कुनै विषय गाउँ शिक्षा समिति र गाउँकार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

**१३. खारेजी र बचाउ**

यस अघि शिक्षण सेवा करार लिन गरेका कार्य भएमा खारेजी गरिएको छ । गाउँपालिकाको अनुमतिमा शिक्षण सेवा करार लिन गरेको निर्णय यसै कार्यविधि बमोजिम गरेको मानिनेछ ।

**अनुसूचीः**

## शिक्षण सेवा करार सम्झौता

श्री ............................विद्यालय माछापुच्छ्रे गाउँपालिका वडा नं. ..................,कास्की (यसपछि पहिलो पक्ष भनिएको) र ................ जिल्ला ....................नगरपालिका/गाउँपालिका वडा नं. ......... बस्ने श्री ................................ ( यसपछि दोश्रो पक्ष भनिएको) का बीच श्री ............................विद्यालय माछापुच्छ्रे गाउँपालिका वडा नं. ..................,कास्कीको ............. शिक्षण सेवा करारमा कामकाज गर्न गराउन मिति २०............. र....................... निर्णय अनुसार देहायका कार्य र शर्तको अधिनमा रहि दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको संझौता गरी एक एक प्रति आपसमा बुझि लियौं दियौं ।

१. **कामकाज सम्बन्धमाः** दोस्रो पक्षले आफुलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप काम गर्नु पर्नेछ ।

२. **काम गर्नु पर्ने स्थानः** ............................विद्यालय माछापुच्छ्रे गाउँपालिका वडा नं. ..................,कास्की .।

३. **करारमा काम गरे बापत पाउने पारिश्रमिकः** विद्यालयबाट प्रतिवेदन गाउँपालिकामा पेस भई स्वीकृत भएपछि, पहिलो पक्षले दोश्रो पक्षलाई तोकेको पारिश्रमिक उपलब्ध गराउनेछ ।

४. **आचरणको पालनाः** दोश्रो पक्षले प्रचलित कानूनमा ब्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ ।

५. **बिदाः** दोस्रो पक्षलाई सार्बजनिक बिदा बाहेक अन्य कुनै पनि किसिमको बिदा उपलब्ध हुने छैन । साथै विद्यालयको लागि आवश्यक परेको खण्डमा बिदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ । यसरी सार्वजनिक बिदाको दिनमा विद्यालयमा काम लगाए बापत कुनै सेवा सुविधा दिईनेछैन ।

६. **विद्यालयको सम्पत्तिको सुरक्षाः** दोस्रो पक्षले विद्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

७. **गोपनियताः** दोस्रो पक्षले विद्यालयको कागजपत्र,जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ ।

८. **करार अवधिः** यो करार ......................देखि लागु भई...................................सम्मको लागि हुनेछ ।

९. **दावी नपुग्नेः** दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा नियुक्तिका लागि दाबी गर्न पाउने छैन र गर्ने छैन ।

१०. **प्रचलित कानून लागू हुनेः** यस संझौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

**दोस्रो पक्षको तर्फबाट :**
हस्ताक्षर :
नाम
ठेगाना :
मितिः

**पहिलो पक्षको तर्फबाट :**
हस्ताक्षर :
नाम : ...............................
पद :
विद्यालयः
ठेगानाः
मितिः
विद्यालयको छापः

आज्ञाले
वेदहरि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

माछापुच्छ्रे गाउँपालिका